# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, कार्तिक २१ गते २०५३ साल ( अतिरिक्ताङ्क ३७ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा संयुक्त अधिराज्यको भ्रमण र त्यसपछि इटालीको रोममा हुने विश्व खाद्य शिखर सम्मेलनमा भाग लिन २०५३ साल कात्तिक २५ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै प्रधानमन्त्रीले सम्हाली आउनुभएको राजदरबारसम्बन्धी र रक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय श्रम मन्त्री श्री बलबहादुर राईले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय परराष्ट्र मन्त्री डा. प्रकाशचन्द्र लोहनी, माननीय स्थानीय विकास मन्त्री श्री कमल थापा, माननीय संसदीय व्यवस्था मन्त्री श्री नरहरि आचार्य सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाको संयुक्त अधिराज्यको भ्रमण र त्यसपछि इटालीको रोममा हुने विश्व खाद्य शिखर सम्मेलनमा भाग लिन भ्रमण दलमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्मिलित भई २०५३ साल कात्तिक २५ गते त्यसतर्फ जानुहुने भएकोले उहाँहरूको अनुपस्थितिमा उहाँहरूले सम्हाली आउनुभएको मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा देहायबमोजिम माननीय मन्त्रीहरूले सम्हाल्नु हुनेछ ।

(१) परराष्ट्र मन्त्रालयको कार्यभार – माननीय वाणिज्य मन्त्री श्री फत्तेहसिंह थारू ।
(२) स्थानीय विकास मन्त्रालयको कार्यभार – माननीय जलस्रोत मन्त्री श्री पशुपतिशम्शेर ज.ब.रा. ।
(३) संसदीय व्यवस्था मन्त्रालयको कार्यभार – माननीय कानून तथा न्याय मन्त्री श्री भीमबहादुर तामाङ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

४८४



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।